Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD: 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: ३२८ | वि.सं. २०८२ चैत ६ शुक्रवार | नेपाल संवत: ११४५, चैत्र कृष्णपक्ष औंसी | Friday 20 March 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# संसद प्रवेश गऱ्यो

# इनिशा विक मृत्यु प्रकरण

**घटनास्थलबाट प्रहरीले १६ वर्षीय एक किशोरलाई समेत नियन्त्रणमा लिएको थियो । प्रहरीले यस प्रकरणमा अन्य तीन बालकलाई पनि नियन्त्रणमा लिएर अनुसन्धान जारी राखेको छ । तर घटनाका मुख्य अभियूक्त प्रक्राउ परिसकेको अवस्थामा पनि प्रहरीले अनुसन्धान टुङ्गोमा पुऱ्याउन सकेको छैन ।**




**ओम शाही**
**सुर्खेत, ५ चैत ।**

गएको २३ फागुनमा वीरेन्द्रनगर नगरपालिका-१, की १६ वर्षीया इनिशा विकको रहस्मय तवरबाट मृत्य भएको विषय संसदमा प्रवेश गरेको छ । घरबाट विद्यालय जान्छु भन्दै निस्किएकी इनिशा वीरेन्द्रनगर-४, स्थित जनजागरण सामुदायिक वनमा अचेत अवस्थामा फेला परेकी थिइन ।

प्रहरीको प्रारम्भिक अनुसन्धानबाट इनिशाको बलात्कारपछि अत्याधिक रक्तश्रावका कारण मृत्यु भएको खुलेको थियो । घटनास्थलबाट प्रहरीले १६ वर्षीय एक किशोरलाई समेत नियन्त्रणमा लिएको थियो । प्रहरीले यस प्रकरणमा अन्य तीन बालकलाई पनि नियन्त्रणमा लिएर अनुसन्धान जारी राखेको छ ।

घटनाका मुख्य अभियूक्त प्रक्राउ परिसकेको अवस्थामा पनि प्रहरीले अनुसन्धानको वास्तविक तथ्य बाहिर ल्याउन सकेको छैन ।

बिहिबार कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको सातौं अधिवेशनको पाँचौं बैठकमा बोल्दै नेपाली कम्युनिष्ट पार्टी (नेकपा) सांसद रणसिं परियारले प्रहरी अनुसन्धानमाथि प्रश्न उठाए । घटना घटेको १३ दिनसम्म पनि वास्तविक तथ्य बाहिर नआएको भन्दै सांसद परियारले बलत्कारपछि हत्या भएको घटनामा निष्पक्ष छानविन हुनुपर्ने माग गरे ।

उनले विद्यालय हिँडेकी बालिकाको बलत्कारपछि विभत्स हत्या भएको लामो समयसम्म पनि वास्तविक तथ्य बाहिर आउन नसकेकोमा असन्तुष्टि जनाए । उनले भने, 'अन्तराष्ट्रिय नारी दिवशको अघिल्लो दिन प्रदेशको मुकाम वीरेन्द्रनगर जहाँ सुरक्षा र न्यायको व्यवस्था बलियो छ, न्याय र सुरक्षा खोज्न टाढा जानु पर्दैन ।

त्यही पालिकाको मुटुमा एउटा होनाहार १६ वर्षीया दलित बालिकाको बलत्कारपछि विभत्स हत्या हुन्छ । घटना घटेको १३ दिन हुँदासम्म पनि अनुसन्धानलाई पूर्णता दिन किन सकिएको छैन ? के कुराले अड्काएको छ ?, बलत्कारपछि विभत्स हत्या भएको घटनामा न्याय नहराओस् ।' उनले दलित र दलित महिलामाथि यस प्रकारका घटनाहरु थुप्रै घटेको उल्लेख गर्दै मानव भएर बाच्न पाउने अधिकारको प्रत्याभुति गर्न राज्य गम्भीर बन्नुपर्ने माग गरे ।

उनलेभ भने, 'इनिशा हत्या प्रकरणमा न्याय निरुपणमा ढिलाई नगरियोस, छिटो र पादर्शीरुपमा अनुसन्धान होस् । पहुँचको भरमा अनुसन्धानलाई प्रभावित नगरियोस्, पीडित परिवारले न्यायको अनुभुति गर्न पाउन् ।' घटनालाई विषयान्तर गर्न खोजे संसदबाट कडा प्रतिवाद गर्ने उनले बताए । यस्तै, नेकपाकै सांसद उर्मिला विश्वकर्माले घटनाका दोषिलाई कानुनको कठघरामा उभ्याउन राज्यका निकाय गम्भीर बन्नुपर्ने माग गरिन ।

उनले समाजमा छोरीहरुले सुरक्षित र सम्मानजनक रुपमा बाच्न पाउने अधिकारको प्रत्याभुति गर्न नियामक निकायको ध्यानाकर्षण गराइन । त्यस्तै, नेकपाकै सांसद कृष्णबहादुर जिसीले परिवारले न्यायको अनुभुति गर्नेगरी छिटोभन्दा छिटो अनुसन्धान टुङ्गोमा पुऱ्याउनुपर्ने माग गरे । त्यो दिन स्कुल जान भनेर हिडेकी छोरीलाई कुरेकी आमा तिला अब क्रुर ढंगले मारिएकी छोरीका लागि न्याय कुरिरहेकी छन् ।

पीडित परिवारले घटनाको अनुसन्धान निर्मला पन्तको जस्तो अधुरो रहने आशंका व्यक्त गरिरहेका छन् । पीडित बालिकाका आफन्तहरूले चारै जनाको सामूहिक बलात्कारपछि हत्या भएको भन्दै इनिशाको शव बुझ्न मानिरहेका छैनन् । उनको शव १३ दिनयता कर्णाली प्रदेश अस्पतालको शव गृहमा अलपत्र छ ।

## परिवालाई दवाव नदिएको मुख्यमन्त्रीको प्रष्टोक्ति

कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले इनिशा विकको मृत्यु प्रकरणमा परिवारलाई दवाव दिएको भन्दै सामाजिक सञ्जालमा केही युटुबरले फैलाएको भ्रमका विषयमा संसदबाट आफ्नो धारणा सार्वजनिक गरेका छन् ।

बिहिबार कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको सातौं अधिवेशनको पाँचौं बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री कँडेलले सरकार प्रमुखका हैसियतले परिवारलाई सान्त्वना र न्यायको अनुभुति दिलाउन गएको विषयलाई केही व्यक्तिले विषयान्तर गरेर भ्रम फैलाउन खोजेको बताए ।

उनले भने, 'कही दिनअघि दुखद् घटन घट्यो । इनिशाको मृत्युप्रति दुख व्यक्त गर्दै आफ्नो कर्तव्य सम्झेर पीडित परिवारलाई भेट्न गएको थिएँ, मलाई लाग्छ उक्त घटनमा संलग्नहरुलाई तथ्य प्रमाणका आधारबाट कानुनी कारवाही हुन्छ नै । यसमा प्रदेश सरकारका तर्फबाट आवश्यक पहलकदमी र सहजिकरण गर्ने विषय मैले मृतकको आमासँग व्यक्त गरेको अवस्था थियो । तर त्यसलाई कतिपय सार्वजनिक माध्यममा परिवारलाई दवाव दियो भन्दै भ्रम सिर्जना गरियो ।'

इनिशाको रहस्मय तवरबाट मृत्यु भएको घटनामा मुख्यमन्त्री कँडेल परिवारलाई भेट्न गएका थिए । तर, मुख्यमन्त्री कँडेलले परिवारका सदस्यलाई शव उठाउन दवाव दिएको भन्दै सामाजिक सञ्जाल

▶▶ बाँकी ३ पेजमा

# मानव बेचबिखन रोकथामका लागि सहकार्य सुदृढ गर्ने प्रतिबद्धता

**युग संवाददाता**
**बाँके, ५ चैत ।**

नेपाल-भारत सीमावर्ती क्षेत्रमा बढ्दो मानव बेचबिखन नियन्त्रण तथा रोकथामका लागि दुवै देशका सरोकारवालाबीच सहकार्य सुदृढ गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। यसै सन्दर्भमा बर्दियाको गुलरिया नगरपालिकामा इन्डो-नेपाल समन्वय बैठक सम्पन्न भएको छ ।

बाँके यूनेस्को क्लबको आयोजना तथा प्लान इन्टरनेशनल नेपालको साझेदारीमा आयोजित बैठकले सीमापार मानव बेचबिखन सञ्जाललाई कमजोर बनाउँदै सम्बन्धित निकायबीच प्रभावकारी समन्वय कायम गर्ने लक्ष्य लिएको थियो ।

बैठकमा मधुवन नगरपालिका र राजापुर नगरपालिकाका उपप्रमुख, महिला तथा बालबालिका शाखाका प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय बर्दिया तथा इलाका प्रहरी कार्यालय राजापुरका अधिकारीहरू, साथै मानव बेचबिखनविरुद्ध क्रियाशील विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा भारतीय संस्था 'दिहात'का प्रमुख सञ्चालन अधिकृत दियांशु चतुर्वेदी र मोहम्मद इमरान अन्सारीले मानव बेचबिखनको वर्तमान अवस्था, चुनौतीहरू तथा सीमापार समन्वयका अनुभव प्रस्तुत गर्दै संयुक्त प्रयासको अपरिहार्यता औंल्याए ।

नेपाल पत्रकार महासंघ बर्दिया शाखाका अध्यक्ष निर्मल घिमिरेले लागूऔषध दुर्व्यसन तथा जोखिममा रहेका समूहप्रति लक्षित सचेतनामूलक अभियान प्रभावकारी बनाउन स्थानीय तह र सुरक्षा निकायको सक्रिय भूमिका आवश्यक रहेको बताए ।

बैठकले सीमापार सामाजिक सञ्जाल समन्वय समूह गठन गर्ने, सूचना आदानप्रदान प्रणालीलाई सुदृढ बनाउने, संयुक्त सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने तथा नियमित समन्वय बैठकलाई निरन्तरता दिने निर्णय गरेको छ । साथै, उद्धार, पुनःस्थापना र पुनःएकीकरणका क्षेत्रमा समेत सहकार्य विस्तार गर्ने सहमति भएको छ ।

यो समन्वय बैठकलाई मानव बेचबिखन नियन्त्रणका लागि नेपाल-भारतबीचको द्विपक्षीय सहकार्य मजबुत बनाउने तथा सीमावर्ती समुदायको सुरक्षामा महत्वपूर्ण कदमका रूपमा लिइएको छ।

# तिला गाउँपालिकाद्वरा ठेक्काबाट १२ योजना निर्माण गर्दै

**युग संवाददाता**
**जुम्ला, ५ चैत ।**

जिल्लाको तिलागाउँपालिकाले चालु आर्थिक वर्षमा ठूला विकासे योजना कार्यान्वयनलाई तीव्रता दिएको छ । यसै क्रममा भौतिक पूर्वाधार निर्माण र सडक विस्तारका १२ वटा आयोजनाका लागि ठेक्का आह्वान गरिएको गाउँपालिका अध्यक्ष मोतिलाल रोकायोले जानकारी दिए ।

उनले चालु आव २०८२/८३ का लागि स्वीकृत ठूला योजनाको बोलपत्र भई सम्झौतासमेत गरेर काम धमाधम भइरहेको बताए । ठेक्का आह्वान भएका आयोजनाका लागि सम्बन्धित निर्माण कम्पनीसँग सम्झौता भई कतिपय योजनाको काम अन्तिम चरणमा पुगिसकेका छन् भने कतिपय योजनाको काम सम्पन्न भई मूल्याङ्कन गर्न मात्र बाँकी रहेको गाउँपालिका अध्यक्ष रोकायाले जानकारी दिए ।

हालसङ्घीय सरकारको समपूरक बजेटबाट गाउँपालिकाभित्रका पाँचवटा सडकको ठेक्काबाट काम भइरहेको छ । गाउँपालिका-१ स्थित सेरीबजार रारा गाउँ हुँदै बासथाप्लासम्म सडक स्तरोन्नतिका

▶▶ बाँकी ४ पेजमा

पानीका स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं ।

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी सङ्कलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

# तीन जिल्लाका बिरामीलाई सेवा दिँदै एक स्थानीय अस्पताल

**युग संवाददाता**
**दाङ, ५ चैत ।**

यहाँको राप्ती गाउँपालिकाद्वारा सञ्चालित राप्ती आधारभूत अस्पतालबाट तीन जिल्लाका बिरामी लाभान्वित भइरहेका छन् । लुम्बिनी प्रदेश राजधानीसमेत रहेको यस क्षेत्रमा सञ्चालित १५ शय्याको अस्पतालमा दाङको राप्ती, गढवा, बङ्गलाचुली गाउँपालिकासहित छिमेकी जिल्ला प्यूठान र अर्घाखाँचीका विभिन्न क्षेत्रबाट समेत बिरामी आउने गरेका छन् ।

अस्पताल विकास समितिका अध्यक्ष एवं गाउँपालिका अध्यक्ष प्रकाश विष्टले स्थानीय नागरिकलाई लक्षित गरी सञ्चालनमा ल्याइएको अस्पतालमा अन्य क्षेत्र र जिल्लाबाट समेत बिरामी आउने गरेको बताए।



बिरामीको चाप बढी भएकाले व्यवस्थापनमा केही दबाब भए पनि नागरिकको विश्वास जित्न थालेकाले आफूहरूलाई काम गर्ने हौसला मिलिरहेको उनको भनाइ छ।

“यो अस्पताल स्थानीय नागरिकलाई लक्षित गरी सञ्चालनमा ल्याएका थियौँ, हाल दाङसहित प्यूठान, अर्घाखाँचीसम्मका नागरिकले पनि सेवा लिइरहेका छन् । यो हाम्रो सेवाप्रतिको भरोसा पनि हो”, अध्यक्ष विष्टले भने ।

अस्पतालका प्रशासन प्रमुख पृथ्वी पौडेलले यहाँबाट दैनिक एक सयदेखि डेढ सय बिरामीले सेवा लिने गरेको बताए। कुनै कुनै समयमा दैनिक दुई सयसम्म बिरामी आउने गरेको पनि उनले जानकारी दिए। “अस्पतालमा हाल चौबिसै घण्टा आपत्कालीन सेवा, बहिरङ्ग सेवा, भिडियो एक्स-रे, एक्स-रे, प्रयोगशाला, सुरक्षित गर्भपतन, आमा सुरक्षा कार्यक्रम र बिरामी भर्ना गर्ने इन्डोर सेवा सञ्चालनमा छ।

त्यस्तै, प्रत्येक महिनाको अन्तिम शनिबार हाडजोर्नीको विशेषज्ञ सेवासमेत सञ्चालनमा छ”, प्रशासन प्रमुख पौडेलले भने। हाल यहाँ कन्सल्टेन्ट डाक्टर एकजना, मेडिकल अफिसर चार, स्टाफनर्स, हेल्थअसिस्टेन्ट, अहेब, अनमी पाँच/पाँच जना तथा एनेस्थेसिया असिस्टेन्ट र असिस्टेन्ट फार्मेसी एक/एक जना रहेका छन् ।

त्यस्तै, ल्याब टेक्निसियन एक जना, ल्याब असिस्टेन्ट चार, रेडियोग्राफर दुई, अस्पताल प्रशासक र कम्प्युटर अपेटर एक/एक जना रहेका छन् । सेवा सहजताका लागि अक्सिजन सिलिण्डरसहितको सुविधा सम्पन्न एम्बुलेन्स पनि व्यवस्था गरिएको छ।

## सम्पादकीय....

# अनुसन्धानमा ढिलाई किन ?

सुर्खेतको वीरेन्द्रनगरमा २३ फागुनमा भएको १६ वर्षीया इनिशा विकको रहस्यमय मृत्युले केवल एउटा परिवारलाई मात्र होइन, समग्र समाजलाई झस्काइरहेको छ । विद्यालय जाने भन्दै घरबाट निस्किएकी एक किशोरीको शव जंगलमा अचेत अवस्थामा भेटिनु, त्यसपछि बलात्कार र अत्यधिक रक्तश्रावका कारण मृत्यु भएको प्रारम्भिक निष्कर्ष आउनु, र अहिले पनि अनुसन्धान अपूर्ण रहनु–यी सबै तथ्यहरूले गम्भीर प्रश्नहरू उठाएका छन् । प्रहरीले घटनामा संलग्न भएको आशंकामा चार जना किशोरलाई नियन्त्रणमा लिएर अनुसन्धान जारी राखेको छ । मोबाइल, भजाइनल स्वाबलगायतका प्रमाणहरू केन्द्रीय विधिविज्ञान प्रयोगशालामा परीक्षणका लागि पठाइएको छ र रिपोर्टपछि मात्र वास्तविकता खुल्ने भनिएको छ। तर, यति संवेदनशील घटनामा ढिलाइले शंका र अविश्वास झन् बढाइरहेको छ। अर्कोतर्फ पीडित परिवार प्रहरीको प्रारम्भिक निष्कर्षसँग सहमत देखिँदैनन् । उनीहरूले यो सामान्य घटना होइन, क्रुर सामूहिक बलात्कारपछि हत्या हो भनिरहेका छन् ।

शव परीक्षण रिपोर्टले अत्यधिक रक्तश्रावलाई कारण देखाए पनि संवेदनशील अङ्गमा गम्भीर क्षति देखिएको तथ्यले परिवारलाई सन्तुष्ट पार्न सकेको छैन। त्यसैले उनीहरू शव बुझ्न समेत अस्वीकार गर्दै न्यायको मागमा अडिग छन् । यहीँबाट मुख्य प्रश्न उठ्छ, के अनुसन्धान प्रक्रियाप्रति जनविश्वास कायम छ ? नेपालमा यसअघि पनि निर्मला पन्त प्रकरणजस्ता घटनाहरू अधुरै रहँदा राज्य संयन्त्रप्रति नागरिकको भरोसा कमजोर बनेको यथार्थ छ । इनिशा विक प्रकरणमा पनि त्यही इतिहास दोहोरिने हो कि भन्ने चिन्ता स्वाभाविक हो। प्रहरीले सीआईबीको सहयोगमा अनुसन्धानलाई गम्भीरतापूर्वक अघि बढाएको बताएको छ। तर गम्भीरता भनाइमा होइन परिणाममा देखिनुपर्छ। पारदर्शी अनुसन्धान, समयमै प्रमाण संकलन र निष्पक्ष निष्कर्ष, यी तीन आधारबिना न्यायको अनुभूति सम्भव हुँदैन ।

यस घटनाले अर्को गम्भीर पक्ष पनि उजागर गरेको छ। किशोरीहरूको सुरक्षा विद्यालय जाने बाटोदेखि सार्वजनिक स्थलसम्म महिलामाथि हुने हिंसा रोक्न राज्यका संयन्त्र कति सक्षम छन् भन्ने प्रश्न सतहमा छन् । केवल दोषी पहिचान गरेर सजाय दिनु मात्र पर्याप्त छैन; यस्तो घटना दोहोरिन नदिन दीर्घकालिन संरचनात्मक सुधार आवश्यक छ। आज इनिशाको शव अस्पतालको शवगृहमा न्यायको प्रतिक्षामा छ । एक आमाले छोरी गुमाएकी छिन्, तर त्यो पीडा व्यक्तिगत सीमाभन्दा धेरै ठूलो भइसकेको छ । यो समाजको पीडा बनेको छ । सत्य लुक्दैन, न्यायमा ढिलाइ हुँदैन र दोषी उम्कँदैन भन्ने स्पष्ट सन्देश यो घटनाबाट दिन राज्यले कुनै कसरत बाँकी राख्न हुँदैन । यदि इनिशा विक प्रकरण पनि अन्य घटना जस्तै अधुरो रह्यो भने यो राज्यको असफलता मात्र हुनेछैन, त्यो सम्पूर्ण न्याय प्रणालीप्रतिको विश्वासको पराजय हुनेछ। यसर्थ, जिम्मेवार निकायले दोषि नउम्कने र निर्दोष नफस्ने गरी न्याय निरुपणमा विलम्ब नगरुन ।

# तेह्र वर्षमा १३ हजार बढी वन डढेलोका घटना अभिलेख

**युग संवाददाता**
**काठमाडौँ, ५ चैत ।**

यही चैत १ देखि ७ गतेसम्म मुलुकभर वन डढेलो सप्ताह चलिरहेको छ। यही अवधिमा वन तथा भू-संरक्षण विभागले वन डढेलोसम्बन्धी एक प्रतिवेदन सार्वजनिक गरेको छ। सो प्रतिवेदनमा मुलुकमा पछिल्लो १३ वर्षको ‘स्याटेलाइट’ तथ्याङ्कअनुसार डढेलोको जोखिम बढिरहेको उल्लेख छ।

विभागको तथ्याङ्कमा विसं २०७० देखि २०८२ सम्म देशभर १३ हजार ६२२ वटा वन डढेलो घटना अभिलेख भएका छन् । वन डढेलो गम्भीर वातावरणीय चुनौतीका रूपमा देखिएको छ। प्रतिवेदन अनुसार नेपालमा वन डढेलो मौसमी प्रकृतिको देखिन्छ। कूल घटनामध्ये करिब ८९ प्रतिशत वन डढेलो फागुनदेखि वैशाखसम्म भएका छन् । त्यस अवधिमा समयमा लामो सुख्खा, न्यून आर्द्रता, उच्च तापक्रम, हावाको तीव्रता, कृषि अवशेष जलाउने प्रचलन, वन क्षेत्रमा मानव गतिविधि वृद्धिका कारण वन डढेलोको जोखिम बढी हुने उल्लेख छ।

वैशाख महिनामा कूल घटनाको करिब ५७ दशमलव ७ प्रतिशत वन डढेलो भएको जनाइएको छ। विसं २०७३ लाई सबैभन्दा गम्भीर वन डढेलो वर्षका रूपमा देखाइएको छ। विसं २०७८ र २०८१ मा उल्लेख्य सङ्ख्यामा डढेलोका घटना अभिलेख गरिएका छन् ।

विभागको विश्लेषणात्मक प्रतिवेदनअनुसार विसं २०८२ वैशाख १ देखि फागुन २९ सम्म देशभर कम्तीमा २८२ वटा डढेलोका घटना अभिलेख भएका छन् । प्रतिवेदनअनुसार गत वैशाख १ देखि फागुन २९ सम्म वन डढेलो देशका सातै प्रदेशमा फैलिएको भए पनि सुदूरपश्चिम प्रदेश सबैभन्दा बढी प्रभावित देखिएको छ। सो प्रदेशमा मुलुकको कूल घटनाको करिब एक तिहाइ अर्थात् ३३ दशमलव ३ प्रतिशत वन डढेलो गएको थियो। प्रदेशगत रूपमा बागमतीमा १९ दशमलव १ र कर्णालीमा १६ दशमलव ७, गण्डकी प्रदेशमा ९ दशमलव ६, लुम्बिनी प्रदेशमा ८ दशमलव ९, कोशी प्रदेशमा ८ दशमलव २ र मधेश प्रदेशमा ४ दशमलव ३ प्रतिशत वन डढेलोका घटना भएका छन् ।

सोही अवधिमा जिल्लागत रूपमा कञ्चनपुर सबैभन्दा बढी प्रभावित जिल्ला बनेको छ। त्यहाँ ४१ वटा डढेलो घटना अभिलेख भएका छन् । चितवनमा २७, कैलालीमा १९ र सुर्खेतमा १८ घटना देखिएका छन् । वन तथा भू-संरक्षण विभागका महानिर्देशक धीरेन्द्रकुमार प्रधानले डढेलोको बढ्दो जोखिमलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न सङ्घ, प्रदेश र स्थानीय तहका निकायहरू, सामुदायिक वन उपभोक्ता समूह, सुरक्षा निकाय, निजी क्षेत्र, सञ्चारमाध्यम तथा स्थानीय समुदायबीच समन्वय अनिवार्य रहेको बताए।

“वन डढेलो व्यवस्थापन कुनै एक निकायको मात्र जिम्मेवारी होइन, यो सम्पूर्ण समाजको साझा दायित्व हो,” उनले भने। महानिर्देशक प्रधानले डढेलो रोकथाम, शीघ्र सूचना आदानप्रदान, समयमै नियन्त्रण तथा जनचेतना अभिवृद्धिमा सबै पक्षको सक्रिय सहभागिता आवश्यक रहेकामा जोड दिए।

### जैविक विविधतामाथि खतरा

मुलुकका विभिन्न संरक्षित क्षेत्रमा पछिल्लो समय डढेलोका घटना बढ्दै गएको छ। विभागको प्रतिवेदन अनुसार गत वैशाख १ देखि फागुन २९ सम्म संरक्षित क्षेत्रमा कूल ८२ वटा डढेलोका घटना दर्ता भएका छन् ।

सबैभन्दा धेरै डढेलोका घटना चितवन राष्ट्रिय निकुञ्जमा देखिएको छ। त्यहाँ मात्र २७ वटा डढेलोका घटना भएको उल्लेख छ। त्यसपछि शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा २४ र कोशी टप्पु वन्यजन्तु आरक्षमा १२ डढेलोका घटना दर्ता भएका छन् ।

यसैगरी बर्दिया राष्ट्रिय निकुञ्जमा ६, अन्नपूर्ण संरक्षण क्षेत्रमा ५, बाँके राष्ट्रिय निकुञ्जमा ३, मनास्लु संरक्षण क्षेत्रमा ३ र ढोरपाटन सिकार आरक्षमा २ वटा डढेलोका घटना भएका थिए। संरक्षित क्षेत्रमा डढेलो पुग्नु जैविक विविधता संरक्षणका दृष्टिले गम्भीर मानिन्छ। वन्यजन्तुको बासस्थान, वनस्पति तथा समग्र पारिस्थितिक प्रणालीमा यसको प्रत्यक्ष असरपर्ने गर्छ।

वन्यजन्तु कोषका नेपाल प्रतिनिधि डा घनश्याम गुरुङले पछिल्लो समय संरक्षित क्षेत्र आसपासका वन क्षेत्रमा देखिएका डढेलोका घटनाले वन्यजन्तु र प्राकृतिक स्रोतसाधनमा गम्भीर असर पार्न सक्ने बताए। उनले यसलाई समयमै नियन्त्रण गर्न आवश्यक रहेकामा जोड दिए।

“वनमा आगलागी हुँदा मानवीय क्षति कम गर्ने उपायलाई प्राथमिकतामा राख्नुपर्छ। साथै डढेलो नियन्त्रणका लागि व्यापक जनचेतना अभिवृद्धि गर्नुपर्ने, वन क्षेत्रमा ‘फायर लाइन’ विस्तार गर्नुपर्ने र स्थानीयस्तरमा तालिम तथा तयारी बढाउनुपर्ने आवश्यकता छ,” गुरुङले भने, “पानीका स्रोतहरूको संरक्षण, आगलागी नियन्त्रणका लागि आवश्यक साधनस्रोतको व्यवस्था तथा प्रभावकारी प्रचारप्रसारमार्फत समुदायलाई सचेत बनाउनु अत्यन्त महत्वपूर्ण छ।”

संरक्षित क्षेत्रमा डढेलो पुग्नुले वन्यजन्तुको बासस्थान, जैविक विविधता र पारिस्थितिक प्रणालीमा दीर्घकालीन असर पार्न सक्ने भएकाले सरोकारवाला निकायले समयमै समन्वय र प्रभावकारी व्यवस्थापन गर्नुपर्ने उनको भनाइ छ।

विभागको तथ्याङ्क अनुसार यस वर्ष पुसमा ३६, माघमा ३५ र फागुनमा ५० डढेलोका घटना अभिलेख भएका छन् । वन डढेलोका करिब ९० प्रतिशतभन्दा बढी घटना वैशाख, पुस, माघ र फागुन महिनामा केन्द्रित रहेको प्रतिवेदनले देखाएको छ।

### तराई–चुरे र मध्यपहाडी क्षेत्र उच्च जोखिममा

स्थानगत विश्लेषणले तराई-चुरे क्षेत्र तथा मध्यपहाडी वन क्षेत्र वन डढेलोको दृष्टिले सबैभन्दा संवेदनशील देखाएको छ। विशेष गरी सुदूरपश्चिमको तराई-चुरे क्षेत्र, चितवन-मकवानपुर वन क्षेत्र, सुर्खेत आसपासका वन क्षेत्र तथा बर्दिया-बाँके तराई क्षेत्रमा डढेलो बढी केन्द्रित भएको पाइएको छ।

राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समितिका सदस्य कमला ओली सिवाकोटीले चुरे क्षेत्रमा सञ्चित सुख्खा इन्धन पदार्थ, लामो सुख्खा अवधि, न्यून आर्द्रता र मानव गतिविधिको वृद्धि वन डढेलो बढ्नुका प्रमुख कारण भएको बताए।

उनले भने, “हामी सरोकारवालासँग र सम्बन्धित इकाइहरूसँग समन्वय गर्दै प्रशिक्षण कार्यक्रम सञ्चालन गरिरहेका छौँ, ताकि समुदायस्तरमै डढेलो रोकथामका उपायहरू बुझ्न र लागू गर्न सकुँ।” तर, चुरेमा प्रभावकारी डढेलो नियन्त्रण कार्यक्रम सञ्चालनका लागि पर्याप्त बजेट नहुनु मुख्य चुनौती रहेको उहाँले औँल्याए।

### पूर्वतयारी र समुदायको भूमिका आवश्यक

नेपालमा अधिकांश वन क्षेत्र सामुदायिक व्यवस्थापन अन्तर्गत रहेकाले वन डढेलो नियन्त्रणमा स्थानीय समुदाय र वन उपभोक्ता समूहको भूमिका महत्वपूर्ण मानिएको छ। सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) का अध्यक्ष ठाकुरप्रसाद भण्डारीले डढेलो नियन्त्रणका लागि पूर्वतयारी र व्यापक सचेतना आवश्यक रहेको बताए। उनका अनुसार वन क्षेत्रमा इन्धन व्यवस्थापन, प्रारम्भिक चेतावनी प्रणालीको विकास तथा समुदायको सक्रिय सहभागिता बिना डढेलो नियन्त्रण प्रभावकारी हुन सक्दैन।

गर्मी मौसम सुरु भएसँगै सम्भावित डढेलोको जोखिमलाई ध्यानमा राख्दै समुदायस्तरमा पूर्वतयारी र सूचना प्रवाहका अभियान सञ्चालन गरिएको उहाँले जानकारी दिए। “डढेलो लाग्न सक्छ भन्ने पूर्वसूचना र खबरदारीका लागि अभियान चलाइएको छ,” भण्डारीले भने।

आगलागी नियन्त्रणका क्रममा जोखिमपूर्ण दुर्घटना हुन सक्ने, आगो नियन्त्रणबारे पर्याप्त जनचेतना अभाव रहेको र आवश्यक उपकरणको कमी प्रमुख समस्या रहेको उनले औँल्याए। नेपाल वन प्राविधिक सङ्घ (एनएफए) का अध्यक्ष राकेश कर्णले वन डढेलो नियन्त्रणका लागि प्रभावकारी वन व्यवस्थापन अपरिहार्य रहेको बताउँछन्। उनका अनुसार जहाँ वन व्यवस्थापन गरिएको छ, त्यहाँ डढेलोका घटना न्यून देखिएका छन्, तर व्यवस्थापन नभएका क्षेत्रमा समस्या जटिल बन्दै गएको छ।

## विश्व

# क्युबामा लगातार २९ घण्टा लोडसेडिङ

**हवाना, ५ चैत ।**

क्युबामा मंगलबार साँझ ६ बजेबाट २ ९ घण्टा लामो देशव्यापी लोडसेडिङ सुरु भएको छ। क्युबाले पाउने सम्पूर्ण इन्धन आपूर्ति बन्द गर्ने अमेरिकी कदमका बिचमा क्युबा अहिले गम्भीर ऊर्जा संकटसँग जुधिरहेको छ।

अमेरिकाले भेनेजुएलामा निकोलस मदुरोलाई पक्राउ गरेपछि त्यहाँबाट क्युबा जाने तेल आपूर्ति कटौती गर्दै अन्य देशलाई पनि ढुवानी बन्द गर्न दबाब दिएको छ। देशका प्रायः विद्युत् उत्पादन गर्ने संयन्त्र डिजेलबाट चल्ने भएकाले लामो लोडसेडिङ भइरहेको छ। पर्याप्त बिजुली उत्पादन नभएकाले बिजुलीको अभाव जारी रहन सक्ने औँल्याइएको छ।

सोमबारदेखि सुरु भएको समस्या अहिलेसम्मकै लामो भए पनि राजधानी हवानासहित अधिकांश क्षेत्रमा दैनिक १६ घन्टासम्म लाइन काटिनु सामान्य भएको छ। क्युबालाई तेल बिक्रीमा कडाइ गर्नुका साथै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले त्यहाँको कम्युनिस्ट शासन अन्त्य गर्न दबाब दिइरहेका छन् ।

उनले वर्तमान शासक आफ्नो मागसामु नझुके सोमबार सो टापु देशमाथि जे पनि गर्न सक्ने चेतावनी दिएका छन् । क्युबा र अमेरिकाले अहिलेको संकट कम गर्ने उद्देश्यले वार्ता सुरु गरेका छन् । तथापि, दुवै पक्षले जारी वार्ताको विवरण सार्वजनिक गरेका छैनन् ।

# हर्मुजबाट बढ्दो संख्यामा जहाजलाई बाहिरिने अनुमति दिँदै इरान

**तेहरान, ५ चैत ।**

समुद्री जहाजको निगरानी गर्ने संस्थाका अनुसार इरानले स्ट्रेट अफ हर्मुजबाट सानो तर बढ्दो संख्यामा व्यावसायिक जहाजलाई पार गर्न अनुमति दिइरहेको छ। समुद्री गुप्तचर कम्पनी ‘विन्डवर्ड’ले मंगलबार बताएअनुसार इरानी झन्डाबाहकबाहेक आठ जहाज सोमबार सो साँघुरो समुद्री मार्गबाट बाहिरिए।

ती जहाजका स्वचालित पहिचान प्रणालीमार्फत यो तथ्यांक प्राप्त भएको विन्डवर्डले जनाएको छ। विन्डवर्डका अनुसार सोमबारको जहाजको संख्या केही दिनअघिको भन्दा ‘लगभग दोब्बर’ हो।

‘इरानको क्षेत्राधिकारमा पर्ने हर्मुज हुँदै जहाज चल्न थालेका छन्। तेहरानले आफ्ना मित्र देशलाई अुमतिमा आधारित ट्रान्जिट दिएजस्तो देखिन्छ,’ विन्डवर्डकी विश्लेषक मिसेल विस बोकम्यानले बताइन्।

‘पश्चिमी देशका जहाज अहिले हर्मुजमा चल्न नसक्दा सम्भवतः चिनियाँ, भारतीय र अन्य तेहराननजिकका देशका जहाज चलिरहेका छन्,’ बोकम्यानले सामाजिक सञ्जाल एक्समा लेखेकी छिन्। अर्को समुद्रमा चल्ने जहाजको ट्र्याक गर्ने संस्था मरिनट्राफिकले पनि आइतबार नौवटा जहाज हर्मुजबाट बाहिरिएको देखाउँछ, जुन त्यसअघिका दुई दिनमा जम्मा पाँच थियो। युद्ध सुरु भएपछि इरानी सैन्य बल ‘इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स’का प्रवक्ताले यो भागबाट बाहिरिने कुनै पनि जहाजमाथि आक्रमण हुने चेतावनी दिएका थिए।

संयुक्त राज्य अमेरिका र इजरायलको इरानमाथिको युद्ध सुरु भएदेखि सामान्यतया विश्वव्यापी तेल आपूर्तिको लगभग २० प्रतिशत तेल बाहिरिने स्ट्रेट अफ हर्मुजबाट तेलको ढुवानी ९५ प्रतिशतभन्दा बढी गिरावट आएको छ। यस अवरोधले विश्वबजारमा तेलको मूल्य प्रतिब्यारेल १०० अमेरिकी डलरभन्दा माथि पुगेको छ, जुन युद्ध सुरु हुनुअघिको तुलनामा ४० प्रतिशतभन्दा बढी हो।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — गरेका कामबाट तत्काल फाइदा उठाउन मुस्किलै पर्नेछ । अवसर प्राप्त भए पनि ठूलो उपलब्धि हातलागी नहुने देखिन्छ।

**वृष** — प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनुका साथै मनग्य धन लाभ हुनेछ। दिन मनोरञ्जनपूर्ण रहनेछ। सोख पूरा हुनेछ।

**मिथुन** — व्यापारलगायत आर्थिक लाभ हुने काममा मनग्य फाइदा हुनेछ। रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। मेहनतले राम्रै प्रतिफल दिलाउनेछ।

**कर्कट** — छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला। अवसर आए पनि नयाँ काममा हातहाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला।

**सिंह** — महत्त्वाकांक्षी योजना गोप्य राख्नुहोला । बेसुरमा दिएको वचनले आफैंलाई अप्ठ्यारो पर्नेछ। नजिकका साथीभाइसँग असमझदारी बढ्न सक्छ।

**कन्या** — प्रयत्न गर्दा राम्रै प्रतिफल प्राप्त हुने समय छ । साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्। पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ ।

**तुला** — अधैर्य व्यवहारले समस्या निम्त्याउला । समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन् । अरूको सुझावलाई बेवास्ता गर्दा दुःख पाइनेछ।

**वृश्चिक** — समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला। परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ। अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला।

**धनु** — सुरुमा खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ । व्यवसायमा फाइदा नगण्य उठे पनि स्वाभिमानको रक्षा गर्न सफल भइनेछ।

**मकर** — मेहनतले आम्दानी बढाउनेछ । सानो प्रयत्न गर्दा महत्त्वपूर्ण काम बन्न सक्छ। श्रमको उच्च मूल्यांकन हुनुका साथै दिगो फाइदा हुने काम प्राप्त हुन सक्छ।

**कुम्भ** — विशेष भेटघाटले काममा उत्साह बढाउला। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। कीर्तिमानी काम गर्ने समय छ। साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ।

**मीन** — आध्यात्मिक मनोवृत्तिले समाजसेवामा प्रवृत्त गराउला । मिहिनेत परे पनि भविष्यका लागि जग बसाउने अवसर प्राप्त हुनेछ।

# जुम्लामा एक हजार २७७ किशोरीलाई एचपिभी खोप दिने

**युग संवाददाता**
**जुम्ला, ५ चैत ।**

जिल्लामा लक्षित समूहका एक हजार २७७ जना किशोरीलाई पाठेघरको मुखमा हुने क्यान्सर रोकथामका लागि ह्युमन प्यापिलोमा भाइरस (एचपिभी)विरुद्ध खोप दिने तयारी भएको छ। जिल्लास्थित जनस्वास्थ्य सेवा कार्यालयका अनुसार यही चैत ९ र १० गते दुई दिनसम्म जिल्लाभरका सबै स्थानीय तहमा खोप अभियान सञ्चालन गर्न लागिएको हो।

राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत यहाँका आठ वटै स्थानीय तहका कक्षा ६ का एक हजार १६५ र विद्यालय नजाने १० वर्ष उमेरका ११२ गरी एक हजार २७७ जनालाई एचपिभी खोप दिने तयारी भएको जनस्वास्थ्य कार्यालयका प्रमुख किरणकुमार शर्माले जानकारी दिए। उनका अनुसार खोप सञ्चालनका लागि ८४ वटा खोप केन्द्र कायम गरिएको छ। उक्त अभियानमा चन्दननाथ नगरपालिकामा २७७, तातोपानी गाउँपालिकामा १६४, गुठिचौरमा ७७, पातारासीमा २२१ जना छात्रालाई एचपिभी खोप दिने कार्यालय प्रमुख शर्माले जानकारी दिए। त्यसैगरी तिला, हिमा, सिञ्जा र कनकासुन्दरी गाउँपालिकाका ५३८ जनालाई खोप दिने उनले बताए।

नेपाल सरकार
व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## मालपोत कार्यालय, सुर्खेत

### मालपोत कार्यालय सुर्खेतबाट जारी भएको मोहि हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**मिती : २०८२/१२/०५ गते**

जिल्ला सुर्खेत पञ्चपुरी नगरपालिका वडा नं. ०९ बस्ने पूर्ण प्रसाद घिमिरेको नाति दुर्गा घिमिरेको छोरा खुम प्रसाद घिमिरेले मेरो नाममा तपशिलमा उल्लेखित बमोजिमका जग्गामा मोठ तथा कम्प्युटर फाँटको अभिलेख अनुसार डिल्लिराम कडेल-१, बासुदेव कडेल-१ समेत २ जना श्रेस्ता र पुर्जामा मोहि कायम भएको र विपक्षि मोहिले हाल उक्त जग्गामा जोत भोग नगरेका र वाली कुत समेत नबुझाएकाले भूमि सम्बन्धि ऐन २०२१ को दफा २६(१) ग वमोजिम मोहि लगत कट्टा गरि पाउँ भन्ने व्यहोराको पर्न आएको फिराद पत्र। यसमा माथि उल्लेखित कित्ता जग्गाको मोहि हकवाला भए आफुसंग भएको मोहि हक सम्बन्धि प्रमाण पत्र लिई यो सूचना प्रकाशन भएको मितिले वाटाको म्याद वाहेक ३५ दिन भित्र हकदावी गर्न आउनु होला अन्यथा भूमि सम्बन्धि ऐन २०२१ को दफा २६ (१) ग बमोजिम मोहि लगत कट्टा भै जाने व्यहोरा जानकारी गराइन्छ।

**तपशिल:**

| गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल (व.मी.) | दर्तावालाको नाम | मोहिको नाम, थर |
|---|---|---|---|---|---|
| सालकोट | ८झ | ६८४ | ३८३.७० | खुम प्रसाद घिमिरे | डिल्लिराम कडेल, बासुदेव कडेल |

अनुसुची–१५
(दफा ३३ को उप –दफा (२) सँग सम्बधिन्त)

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको ७ दिने सूचना

**तेस्रो पटक सूचना प्रकाशित मिति : २०८२/१२/०६**

श्री श्री भेरी किनारा सामुदायिक वन उपभोक्ता समुह बराहताल गा.पा. वडा न.-६, बुटी सुर्खेतको सामुदायिक वनबाट २०८१/०८२ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको स्विकृत वन कार्ययोजना भए अनुसारको साल प्रजातिको (ग्रेड वि) ३ थान ४४/६६ क्यू.फि., (ग्रेड सि) १६ थान २१५।९६ क्यू.फि. गरी जम्मा १९ थान २६०।६२ क्यू.फि., असना प्रजातिको (ग्रेड ए) ५ थान १६१।२५ क्यू.फि., (ग्रेड बि) २ थान २६/६६ क्यू.फि.,(ग्रेड सि) १३ थान १०२।९२ क्यू.फि. गरी जम्मा २० थान २९०।८३ क्यू.फि., कर्मा प्रजातिको (ग्रेड बि) १ थान १०।४७ क्यू.फि.,(ग्रेड सि) १३ थान ४६।८५ क्यू.फि. गरी जम्मा १४ थान ५७।३२ क्यू.फि., जामुन प्रजातिको (ग्रेड ए) २ थान ५०।१० क्यू.फि., (ग्रेड बि) १ थान ९।९५ क्यू.फि.,(ग्रेड सि) २ थान १६/८५ क्यू.फि. गरी जम्मा ५ थान ७६/९० क्यू.फि., खयर प्रजातिको ९ थान २१।८१ क्यू.फि. गरी जम्मा ५६ थान ७०७।४८ क्यू.फि.,काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले ७ (सात)औं दिनमा खरिद गरी ८ (आठ)औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री श्री भेरी किनारा सामुदायिक वन उपभोक्ता समुहको कार्यालय बराहताल गा.पा. वडा न.-६, बुटी सुर्खेत, श्री बराहताल सब-डिभिजन वन कार्यालय, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री भेरी किनारा सामुदायिक वन उपभोक्ता समुह**
बराहताल गा.पा. वडा न.-६, बुटी सुर्खेत

## परिवालाई...

प्रयोगकर्ताहरुले विवाद सिर्जना गराएका थिए। केही युटबरलाई लक्षित गर्दै उनले आफै फैसला र आफै अनुसन्धान गर्ने मनोवज्ञिानले समाजमा पर्ने असरका बारेमा सोच्न आग्रह गरे।

भ्रम फैलाइएका विषय परिवारका सामु भन्नुपर्ने विषय नभएको उल्लेख गर्दै एउटा सरकार प्रमुखको चासोलाई मिथ्या सूचनाको रुपमा फैलाइने गतल सन्देशले समाजलाई विभाजनको बाटोमा लैजाने उनले बताए। घटनाका बारेमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी)ले समेत अनुसन्धान जारी राखेकाले इनिशालाई न्याय दिलाउन प्रदेश सरकार प्रतिवद्ध रहेको समेत उनले बताए।

## Gauriganga Municipality
## Office of Municipal Executive

Chaumala, Kailai
Sudurpaschim Pradesh, Nepal

### Invitation for Bids

**First Date of publication: 2026/03/20 (6th Chaitra, 2082)**

1. We invites Electronic Bid from eligible bidders for the procurement of Medicines and Surgical Items under National competitive bidding – Single Stage Single Envelope procedures.

| Contract Id | Description | Estimated amount (with Vat) Vat should be added on vatable items only) Nrs | Bid doc Fee, Nrs | Bid Security, Nrs | Bid Security Validity | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| GGM/GOODS/ NCB/ 05/2082/083 | Procurement of Medicines and Surgical Items | Rs. 33,60,999/- | Rs. 3000 | Rs.90,000/- | 120 days from last date of submission | 2083/01/06 (2026/04/19), 12 PM | 2083/01/06) (2026/04/19), 1 PM |

2. Visit PPMO website www.bolpatra.gov.np/egp & our Email: info.gaurigangamun@gmail.com for further information and inspect the Bidding Documents.

**Cheif Administrative Officer**

## चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

### ठेक्का स्वीकृतीको आशयको सूचना

**प्रकाशित मिति: २०८२।१२।०६**

प्रस्तुत बिषयमा मिति २०८२।१०।२६ गते यस कार्यालयवाट प्रकाशित वोलपत्र आब्हानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका वोलपत्रहरुको वोलपत्र मुल्यांकन समितिबाट तपसिल वमोजिम वोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभुत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ।

| क्र. सं | ठेक्का नं. | आयोजनाको नाम र स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फमको नाम र ठेगाना | कबोल अंक (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1 | CJM/GOODS/ NCB/02/082/083 | Supply and Delivery of sanitary pad for Community school of chaurjahari Municipalyity, Rukum west | Jasmine Hygiene Products Pvt. Ltd. Balbhadra chowk Dharaan Road | NRS. 534926.18 |

**Chief Administrative Officer**

## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८२/१२/०६**

यस कार्यालयबाट प्रकाशित तपशिलमा उल्लेखित खरिद नं. र कार्य विवरण सँग सम्बन्धित निर्माण र खरिद कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र कार्यालयमा दर्ता भएका बोलपत्र मध्ये निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम, मुल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही देखिएकाले बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागी सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७ (सात) दिने सूचना जारी गरिएको छ।

**तपशिल**

| खरिद नं. | कामको विवरण | बोलपत्रदाताको नाम ठेगाना | कबोल अंक भ्याट सहित रु. |
|---|---|---|---|
| BANKE/KOMUN/W/ NCB-29/2082/083 | Deep Jyoti Hostel Tole Sadak Staronnati, Kohalpur-12, Banke. | N.B.L.Construction, Baijanath, Banke. | 20,39,354.28 |

**प्रमुख प्रशासकीय अधिकृत**

## सुन्दर नेपाल संस्था

**पोषण परियोजना**
**वीरेन्द्रनगर-०८, सुर्खेत**

### शिलबन्दी दरभाउपत्र मागको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०६)**

सुन्दर नेपाल संस्था (BNA), सामुदायिक विकासमा क्रियाशील एक मुनाफारहित गैह्र सरकारी संस्था हो। CARE Nepal /iDE Nepal को संयुक्त साझेदारीमा सुन्दर नेपाल संस्थाको सहजीकरणमा संचालित पोषण परीयोजना सुर्खेत जिल्लाको ५ वटा पालिका (वीरेन्द्रनगर, वराहताल,लेकवेशी, गुर्भाकोट र भेरीगंगा)मा संचालन भएको छ। सुर्खेतका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई झोला र SAM र MAM भएका परिवारलाई फिल्टर, आपुर्तिगर्न इच्छुक आपूर्तिकर्ता मुल्य अभिबृद्धि कर (भ्याट)मा दर्ता भएका उत्पादक, अधिकृत बिक्रेता तथा वितरकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपशिलको शर्तहरुको अधिनमा रहि आपूर्तिकर्ताले गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। तोकिएको मिति र समयमा प्राप्त शिलबन्दी दरभाउपत्रलाई मात्र छनौट प्रक्रियामा समावेश गरिनेछ। म्याद नाघी आएका, रीत पुरा नभएका दरभाउपत्रलाई प्रक्रियामा समावेश गरिनेछैन। शिलबन्दी दरभाउपत्रमा उल्लेखित समामग्रीहरु आंशिक रुपमा पनि खरिद गर्न सकिने छ।

**शर्तहरु :**

१. शिलबन्दी दरभाउपत्रको फारम सुन्दर नेपाल संस्थाको कार्यालयबाट वा संस्थाको वेवसाइट www.sundernepal.org.np बाट पनि डाउनलोड गरी प्राप्त गर्न सकिने छ।
२. शिलबन्दी दरभाउपत्र फारमका साथ उधोग रफर्म दर्ताको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र चालु आ.व.को कर चुक्ता वा म्याद थप पेश गरी शिलबन्दी दरभाउपत्र खाम बाहिर दरभाउपत्रदाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिबार्य हुनुपर्नेछ।
३. शिलबन्दी दरभाउपत्र फारम खाम बन्द गरी लाहा छापले शिलबन्दी गरिएको हुनुपर्नेछ, अन्यथा उक्त दरभाउपत्र दर्ता गर्न संस्था बाध्ये हुने छैन।
४. शिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम मितिको दोस्रो दिन १ बजे सुन्दर नेपाल संस्थाको खरीद समिती र दरभाउपत्र दाता स्वंयम वा निजको प्रतिनिधिको उपस्थितिमा यस सुन्दर नेपाल संस्था को कार्यालयमा दरभाउपत्र खोलिनेछ। यदि दरभाउपत्र दाता स्वंयम वा निजको प्रतिनिधिको उपस्थिति हुन नसकेको खण्डमा पनि दरभाउपत्र खोलिनेछ। तर सो दिन सार्बजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन दरभाउपत्र खोलिने छ।
५. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने वा नगर्ने अधिकार सुन्दर नेपाल संस्थामा निहित हुनेछ।
६. यस बाहेक थपजानकारी आबश्यक परेमा तल उल्लेखित कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।
७. सामाग्रीहरुको मापदण्ड तथा गुणस्तर चेकजांच गरेपछि मात्र भुक्तानी प्रक्रियामा बढाइने छ।

**आवश्यक सामाग्रीहरु अनुमानित परिमाणमा :**

(क) साइड झोला, २ फिता भएको, रातो ढाकाको कपडाको कम्तिमा ३०८३५८१० अफ साइजको, बाहिर एउटा सानो पाकेट भएको, LOGO प्रिन्ट सहित, अनुमानित ६५० वटा
(ख) कोलाइडल सिल्भर फिल्टर, १८ लिटर क्षमता भयको, २ कोलाइडल सिल्भर क्यान्डल भएको, स्टेनलेस स्टील बडी, अनुमानित ३८१ वटा

**फाराम बुझाउने अन्तिम मिति** : २०८२।१२।१२ गते ५ बजेसम्म हुनेछ।

**शिलबन्दी बोलपत्र पेश गर्ने ठेगाना/स्थान : सुन्दर नेपाल संस्थाको कार्यालय, आवास क्षेत्र सुर्खेत, फोन नं ०८३५२०९२६, ०८३५२३५३०**

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२।०६।२३)**
**(पुनः प्रकाशित मिति : २०८२।१२।४)**

समाज जागरण केन्द्र (स्याक) नेपाल एक गैर नाफामूलक, गैरसरकारी सरकारी संस्था हो। यस संस्थाले अन्धकारलाई सराप्नु भन्दा एउटा बत्ती बाल्नु वेश भन्ने मूल नाराका साथ समुदायमा कार्यक्रमहरु कार्यान्वयन गरिरहेको छ। महिला, बालबालिका र किशोरकिशोरीहरुको गुणस्तरीय जीवनका लागि सक्षम र समृद्ध समाज निर्माणमा योगदान गर्नका लागि प्रतिबद्ध रही स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता, शिक्षा, जिविकोपार्जन, संरक्षण, जलवायु परिवर्तन, विपद व्यवस्थापन तथा मानवीय सहायता, लैङ्गिक समानता, विविधता तथा सामाजिक समावेशीकरण एवम् संस्थागत विकासका क्षेत्रमा हाल कर्णाली प्रदेशका सबै १० जिल्लाहरुमा कार्य गर्दै आइरहेको छ।
यी विभिन्न कार्यक्रमहरुमध्ये प्लान इन्टरनेशनल नेपालसंगको साझेदारीमा Breaking Barriers for Girls SRHR in Dolpa (BBaGS) (किशोरी सशक्तिकरण परियोजना) कार्यक्रम सन् २०२४ सेप्टेम्बरदेखि डोल्पा जिल्लाका २ वटा नगरपालिकाहरुमा कार्यान्वयन भइरहेको छ। त्यसैले उक्त कार्यक्रमका लागि तपसिलमा उल्लेखित कर्मचारी आवश्यक भएकाले इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुकबाट निवेदन आव्हान गरिन्छ।

विज्ञापन नं. : ०१।२०८२।०८३
पद : प्राविधिक अधिकृत (Technical Officer)
आवश्यक संख्या : १ जना
कार्यस्थल : परियोजना कार्यालय, दुनै, डोल्पा (नियमित तथा अधिक रुपमा कार्यक्रमको कार्यक्षेत्रमा फिल्ड भ्रमण गर्नुपर्ने)

**आवश्यक शैक्षिक योग्यता, अनुभव तथा दक्षता**

- डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग तह उत्तीर्ण गरी खानेपानी, सरसफाइ तथा स्वच्छता वा निर्माण सम्बन्धी ३ वर्ष कार्य अनुभव भएको।
- मोटरसाइकल चलाउन जान्ने तथा बैध सवारी चालक अनुमति पत्र भएको
- निर्माण गरिने पूर्वाधारको डिजाइन, इष्टिमेट, ड्रइङ्ग तथा निर्माण सामग्रीको दर विश्लेषण गर्न सफ्टवेयर चलाउन जान्ने।
- प्रभावकारी समन्वय र सञ्चार गर्न सक्ने तथा आवश्यक प्रतिवेदन लेख्न सक्ने।
- दूर्गम क्षेत्रमा फिल्डमा गई कार्यसम्पादन गर्न सक्ने।
- इमान्दारिता र पारदर्शिता प्रदर्शन गर्न सक्षम र लैङ्गिक तथा समावेशीकरण सचेत भएको।

**कार्य अवधी** : १ वर्ष (३ महिने परिक्षणकाल रहनेछ। कार्यसम्पादन, आवश्यकता र श्रोत उपलब्धताका आधारमा कार्य अवधी थप हुन सक्ने।)
विस्तृत कार्यविवरणका लागि तलको लिंकमा जानुहोला।
https://sacnepalsurkhet-my.sharepoint.com/:b:/g/personal/psingh_sacnepal_org_np/Ee4ZdxsKU7RKjwtdP0f7onUBX3GCKKxbw12TwXL7R3lxcg?e=M87yh

प्राथमिकता : संस्था तथा कार्यक्रमले सकारात्मक विभेदिकरणको नीति अबलम्बन गर्ने भएकाले लैङ्गिक समानता, विविधता तथा सामाजिक समावेशीकरण, सिमान्तकृत समुदायलाई सकारात्मक विभेद गरिनेछ। साथै विज्ञापन नं. ०२/२०८२/०८३ सामुदायिक स्वयंसेवकका लागि कार्यक्रमको कार्यक्षेत्र रहेका ठूलीभेरी र त्रिपुरासुन्दरी नगरपालिका डोल्पाका स्थानीय तथा स्थायी वासिन्दाले मात्र दरखास्त पेश गर्न पाइनेछ। यदि नेपाली नागरिकतामा सो भन्दा अन्य स्थानको ठेगाना रहेको तर हाल कार्यक्षेत्रका पालिकाहरुमा स्थायी वसोवास गर्ने भएमा सो को प्रमाण समेत पेश गर्नुपर्नेछ। जसमा विवाह दर्ताको प्रमाणपत्र, मतदाता परिचय पत्र वा वसाइसराइको प्रमाणपत्र मध्ये कुनै एक मात्र मान्य हुनेछ।

**दरखास्त दिने विधि** : सन्दर्भ व्यक्तिहरुको नाम, सम्पर्क नं., इमेल ठेगाना, आफ्नो इमेल र सम्पर्क नं. सहितको व्यक्तिगत विवरण (वायोडाटा) सहित केन्द्रीय कार्यालय, वीरेन्द्रनगर, सुर्खेत वा परियोजना कार्यालय, दुनै डोल्पा वा vacancy@sacnepal.org.np मा दरखास्त दिन सकिनेछ। म्याद नाघी आएका, तोकिएका शैक्षिक योग्यता पुरा नभएका, तोकिएका मापदण्ड पुरा नगरेका, रितपूर्वक नपरेका दरखास्तहरु स्वीकृत गर्न संस्था वाध्य हुनेछैन। यस संस्था यौंन उत्पीडन, शोषण र दूर्व्यवहार एवम् बाल दूर्व्यवहार रोक्नका लागि संस्थाको संरक्षण नीति तथा अन्य सम्बन्धित नीतिहरुसहित प्रतिबद्ध रहेको छ। यदि आवेदन पेश गर्ने व्यक्तिको यस संस्थामा कुनै नजिकको नाता लाग्ने व्यक्ति वा कुनै स्वार्थको द्वन्द्व (Conflict of Interest) छ भने आवेदनको साथमा उल्लेख वा स्व-घोषणा गर्नुहुन समेत जानकारी गराइन्छ। प्रारम्भिक छनौंटमा परेका उमेदवारहरुलाई मात्र लिखित तथा मौखिक सहित छनौंट प्रक्रियामा समावेश गरिनेछ। संस्थाले पूर्ण वा आंशिक रुपमा कुनै पनि आवेदन विना शर्त स्वीकृत गर्ने वा नगर्ने अधिकार आफूमा निहित गर्दछ।

आवेदन पेश गर्ने अन्तिम मिति : मिति २०८२।१२।१० (March 24, 2026) गते दिनको ५:०० बजेसम्म। यदि कुनै कुरा बुझ्नुपरेमा तल उल्लेखित इमेल वा फोन नं. सम्पर्क गर्न सक्नुहुनेछ।

**थप जानकारीका लागि**

**समाज जागरण केन्द्र (स्याक) नेपाल**
वीरेन्द्रनगर, सुर्खेत
फोन नं. ०८३ ५२१२८२
इमेल : info@sacnepal.org.np

## तिला...

लागि रु ४७ लाख नौ हजारको बोलपत्रबाट काम भइरहेको छ। वडा नं ३ को कुडारी काटेपुलदेखी-लौरुसम्म ग्रामीण कृषि सडक निर्माणका लागि २३ लाख ३१ हजारमा गत असोज १० गते बोलपत्र आह्वान भई काम अन्तिम चरणमा पुगेको गाउँपालिकाका इन्जिनियर सुरेन्द्र साउदले जानकारी दिए।

पालिकाको वडा नं ६, ७, ८ र ९ को ग्रामीण कृषि सडक निर्माणअन्तर्गत राँसादेखी घोडेसुडी-मानेचौर राँसा हुँदै खोप्री कयरकोटसम्म सडक स्तरोन्नतिका लागि एक करोड ५९ लाख ७१ हजारमा ठेक्का आह्वान भई काम जारी छ। सोही वडाअन्तर्गत मानेचौरदेखि-राँसा हुँदै चयापाटनसम्म सडक स्तरोन्नति लागि रु ९७ लाख ३२ हजार र वडा नं ३ र ५ अन्तर्गत कुडारीदेखि डुङ्गरिसम्म सडक स्तरोन्नति लागि रु ८९ लाख २ ९ हजार र गाउँपालिकाको नौली घट्टदेखि कुलापाटासम्म तटबन्धन निर्माणका लागि रु एक करोड ३६ लाख ३१ हजारमा गत असोज १२ गते एकै प्याकेजमा ठेक्का आह्वान भएको इन्जिनियर साउदले जानकारी दिए।

त्यसैगरी, चायापाटादेखि खोप्रीगाउँसम्म हरियाली सडक स्तरोन्नति, पातरसागुदेखि लाटिका थानसम्म सडक स्तरोन्नति, घोडेसिम हरियाली सडक निर्माण तथा स्तरोन्नति र सापुल्लीगाउँखोला व्यवस्थापना तटबन्धन योजना निर्माणको बोलपत्र भई काम भइरहेको गाउँपालिकाका योजना शाखाका प्रमुख धिरेन्द्रविक्रम थापाको भनाइ छ।

**नेपाल सरकार**
**व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**

### मालपोत कार्यालय, सुर्खेत

**मालपोत कार्यालय सुर्खेतबाट जारी भएको मोहि हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**मिती : २०८२/१२/०५ गते**

जिल्ला सुर्खेत पञ्चपुरी नगरपालिका वडा नं. ०९ बस्ने जयलाल बास्तोलाको नाति इन्द्र प्रसाद बाँस्तोलाको छोरा सुमन बाँस्तोलाले मेरो नाममा तपशिलमा उल्लेखित बमोजिमका जग्गामा मोठ तथा कम्प्युटर फाँटको अभिलेख अनुसार डिल्लिराम कडेल-१, वासुदेव कडेल-१ समेत २ जना श्रेस्ता र पुर्जामा मोहि कायम भएको र विपक्षि मोहिले हाल उक्त जग्गामा जोत भोग नगरेका र वाली कुत समेत नबुझाएकाले भूमि सम्वन्धि ऐन २०२१ को दफा २६(१)ग बमोजिम मोहि लगत कट्टा गरि पाउँ भन्ने व्यहोराको पर्न आएको फिराद पत्र। यसमा माथि उल्लेखित कित्ता जग्गाको मोहि हकवाला भए आफुसंग भएको मोहि हक सम्बन्धि प्रमाण पत्र लिई यो सूचना प्रकाशन भएको मितिले वाटाको म्याद वाहेक ३५ दिन भित्र हकदावी गर्न आउनु होला अन्यथा भूमि सम्बन्धि ऐन २०२१ को दफा २६ (१) ग वमोजिम मोहि लगत कट्टा भै जाने व्यहोरा जानकारी गराइन्छ।

**तपशिल:**

| गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल (व.मी.) | दर्तावालाको नाम | मोहिको नाम, थर |
|---|---|---|---|---|---|
| सालकोट | ८झ | ६८३ | ३९५.०० | सुमन वास्तोला | डिल्लिराम कडेल, बासुदेव कडेल |

## Kohalpur Municipality
## Office of Municipal Executive

**Kohalpur, Banke**
**Lumbini Province, Nepal**

### Invitation For Bids

**Date Of Publication: 2082/12/06 ( Mar-20-2026 )**

Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur ,Banke invites electronic bids from eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Bid Bond Amount | Estimated Amount(Including Vat and Ps) | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1.0 | BANKE/ KOMUN/W/ NCB-31/2082/083 | Kohalpur ward no 2 Aanandnagar Gorkha School Mukhya Sadak Ra Mahesh Khatiwada Ko Ghar Pashim Sadak ma Nali Nirman Tatha Bato Staronnati, Kohalpur-02, Banke. | 90 days | 65,000.00 | 2491058.75 | 3000.00 | |

| Further Information to bidders; | |
|---|---|
| Last date and time of Bid Submission | 2083/01/06 (Apr-19-2026) (upto 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2083/01/06 (Apr-19-2026); at 1:00 PM, At Kohalpur Municipality Office,Kohalpur , Banke. |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | Agriculture Development Bank,Kohalpur,Banke , AC.Name Kohalpur Nagarpalika aantarik Rajaswa Khata 0720501000235365 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank , Kohalpur Branch , Account Number : 0720501000235217 |

1. Bidders shall submit their Bids e-copy only . For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Kohalpur Municipality Office, Kohalpur ,Banke Contact No: 081-540318
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**

## वित्तिय साक्षरता सचेतना कार्यक्रम

**युग संवाददाता**
**सुर्खेत, ५ चैत ।**

विद्यार्थी लक्षित वित्तिय शिक्षा, साक्षरता, सचेतना अभिवृद्धि कार्यक्रम विहिबार वीरेन्द्रनगरमा सम्पन्न भएको छ। नेपाल राष्ट्र बैंक प्रदेश कार्यालय सुर्खेतका आयोजनामा सचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न भएको हो।

ग्लोबल मनि सप्ताहका अवसरमा सचेतना कार्यक्रमको आयोजना गरिएको थियो। कार्यक्रममा वीरेन्द्रनगरका श्रीकृष्ण संस्कृति उच्च मावि इत्राम, भैरव उच्च मावि, एसओएस हर्मन माईनर, साउथ एसियन स्कलर्स स्कुलका विद्यार्थीहरुको सहभागिता रहेको थियो।

सचेतना कार्यक्रममा डिजिट बैंकिङ, बैंक तथा वित्तिय संस्थाहरुको सेवा प्रवाहको अवस्था, चुनौति, आउने समस्या र त्यसका समाधान, गुनासोका बारेमा राष्ट्र बैंकका सहायक निर्देशक सागर मालाकारले कार्यपत्र प्रस्तुत गरेका थिए।

### उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी श्री तिला चन्न अधिकारी धनी रहेको, दर्ता नम्बर ७८३२/०७७/०७८ बाट वीन.न.पा-१०, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री दिपक होटल नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

BC Group
20th years printing experience
भित्तेपात्रो (क्यालेण्डर) छपाई अब सुर्खेतमै
सुलभ दर र उत्कृष्ट गुणस्तर

प्रति घण्टा २० हजार प्रति छपाई क्षमता भएको प्रदेशकै सबैभन्दा ठुलो उद्योग ।
BHAWANI CHHAPAKHANA
DIGITAL COLOUR PRINTERS
(QUALITY & QUANTITY PRINTING HOUSE)
Office: Birendranagar-6, Buddhapath, Surkhet
Industry: Birendranagar Industrial Area

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई
RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)


Book & Copy Printing

Packaging Box Printing

Wedding Card Printing

Stamp

Fiber Bag Printing
हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।